# हेल्थ प्लस

ॐ अस्पतालको स्वास्थ्य सचेतना अभियान | अंक ५, जेष्ठ - २०७९

OM HOSPITAL & RESEARCH CENTRE

An ISO 9001:2015 Certified Hospital

२५ बर्ष

WWW.OMHOSPITALNEPAL.COM


## About Us

ॐ अस्पताल नेपालको निजी क्षेत्रबाट सञ्चालीत स्वास्थ्य उपचार सेवा प्रदायकहरू मध्येको अग्रणि अस्पताल हो । "वी केयर फर यू" नारासहित वि.सं. २०४६ सालमा स्थापित भएको यस अस्पतालको शुरुको नाम ॐ नर्सिङ होम हो । दक्ष, अनुभवि र ख्याति प्राप्त चिकित्सकहरूद्वारा नेपालमा नै अत्याधुनिक उपचार सेवा सुलभ शुल्कमा उपलब्ध गराउने उद्देश्यले संचालन गरिएको यो संस्था जम्मा केही चिकित्सक र ८ शैय्या बाट शुरु गरिएको थियो ।

वि.सं. २०५२ सालमा स्वास्थ्य उपचार सेवाको टड्कारो आवश्यकतालाई सम्बोधन गर्नेगरी १७५ शैय्या र १०० जना बिशेषज्ञ चिकित्सकहरूको टोली सहितको बिशिष्ट सेवा प्रदायक अस्पतालको रुपमा ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको रुपमा रुपान्तरण भयो । ३३ बर्ष देखि निरन्तर सेवामा रहेको र यस अस्पतालमा देशका अत्यन्त कुशल तथा अनुभवि चिकित्सकहरूको टोली सधैं रहने गरेको छ । इमर्जेन्सि मेडिसिनमा उच्च शिक्षा हासिल गर्नुभएका डाक्टरको नेतृत्व रहेको र २४ सै घण्टा डिएम/एमडिजिपि चिकित्सक सहितको अत्याधुनिक आकस्मिक उपचार सेवा उपलब्ध छ ।

नि:सन्तानपनको उपचार नेपालमा शुरु गर्ने पहिलो अस्पतालको रुपमा परिचित यो अस्पताल मातृशिशु उपचारमा पनि अत्यन्त लोकप्रिय रहेको छ । नेपाल सरकारको बिपन्न नागरिक औषधी उपचार सेवा अन्तर्गत सहुलियत सहितको हेमो डायलाइसिस सेवा तथा क्यान्सरका बिर ामीहरुकालागि केमो थेरापी सेवा समेत यहाँ उपलब्ध छ ।

क्रिटिकल केयर मेडिसिनमा उच्च शिक्षा हासिल गर्नु भएका डाक्टरको नेतृत्वको १७ शैय्याको अत्याधुनिक सघन उपचार कक्ष उपलब्ध रहेको छ । अस्पताल परिसर भित्र नै सिटिस्क्यान, एमआरआई, इएमजी, टिएमटि, डिजिटल म्यामोग्राफी लगायतका मेसिनहरु सहित इन्टरभेन्सनल रेडियोलोजी सेवाहरु समेत उपलब्ध छन् । अत्याधुनिक उपकरणहरु सहितको प्याथोलोजी ल्याव, मोलिक्युलर पिसिआर ल्याव तथा फिजियो थेरापी सेवा र पोषण सम्वन्धि परामर्श सेवाहरु समेत उपलब्ध रहेका छन् ।

## Featured

# ॐ हस्पिटलमा पूर्णकालिन आधुनिक तथा सुविधा सम्पन्न फिजिकलथेरापी सेवा



ॐ अस्पताल निजी क्षेत्रको अग्रणि स्वास्थ्य उपचार सेवा प्रदायक मात्र नभएर नेपाली अस्पतालहरुमा चीरपरिचित नाम हो ।
आफ्नो स्थापना कालदेखिनै यस अस्पतालले चोटपटक लागेका विरामीहरूको उपचार तथा पुन: स्थापनाका लागि अर्थोपेडिक, न्यूरो तथा स्पाइन सर्जरी सेवा र त्यसपछि अपरिहार्य मानिएको फि(जिकल थेरापी तथा रिह्याबिलिटेसन सेवा समेत संचालन गर्दै आइरहेको छ ।
फिजिकल थेरापिलाई बोलीचालिको भाषामा फि(जयो थेरापी पनि भन्ने गरिन्छ । यस बिधाका बिशेषज्ञहरुले बिरामीलाई पुनस्थापनाका लागि मद्दत गर्दछन् ।
फिजिकल थेरापिष्टहरुले विरामीको जीवनको गुणस्तर सुधार गर्न निर्धारित व्यायाम, ह्यान्ड-अन हेरचाह, र बिरामी शिक्षा प्रदान गर्छन्।
प्रत्येक बिरामीको विश्लेषण गरी र उनीहरुलाई र ाम्रो सँग सार्न मद्दत गर्नको लागि उपचार योजना बनाउने देखी दुखाइ व्यवस्थापन गर्ने, पुन: पहिलेकै अवस्थामा फर्काउन र असक्षमताबाट बचाउन मद्दत गरी बिरामीहरूको जीवनमा ठूलो प्रभाव पार्छन् ।

बिशेषगरी बिभिन्न अर्थोपेडिक समस्याहरु भएका बिरामीहरु र अर्थोपेडिक सर्जरी पछि अङ्गहरुको संचालन क्षमता फर्काउने काममा फिजिकल थेर ापी बिभागको महत्वपूर्ण भूमिका रहन्छ ।
ॐ अस्पतालमा पनि पुन: स्थापनाका लागि आवश्यक विश्वस्तरिय तथा नविनतम उपकरण र उपचार सामग्रीसँगै दक्ष तथा अनुभवि फिजिकल थेरापिस्टहरुको टिम उपलव्ध रहेको छ । जसमा दुइजना एमपिटी गर्नुभएका र फिजिकल थेरापिमा लामो अनुभव र दख्खल राख्नुहुने विज्ञहरु र हनुभएको छ भने उहाँहरुलाई तीनजना विपिटी गर्नुभएका फिजिकल थेरापिष्टहरुले साथ दिइर हनुभएको छ ।
यस अस्तपालको फिजिकल थेरापिस्टहरुको टिमले धेरैजना विशिष्ट व्यक्तित्वहरु र थुप्रै र ाष्ट्रिय स्तरका खेलाडीहरुको समेत सफल उपचार र पुनस्थापना गरिसकेको छ भने लाखौं विरामीह(रुलाई निको पारीसकेको छ ।

ॐ अस्पतालको फिजिकलथेरापी विभागमा बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म पुर्नकालिन फि(जयोथेरापमी सेवा उपलब्ध रहेको छ । जहाँ हार्डजो नीं स्नायूनशा, बालरोग, श्वासप्रश्वास सम्बन्धी स्त्रीरोग र आवश्यकता अनुसार सघन उपचार मा रहेका र अन्य विरामीहरूको लागि फिजियो थेरापी तथा पुर्नस्थापना सेवा उपलब्ध रहेको छ ।

### ॐ अस्पतालको फिजिकलथेरापी टिम



प्रबिण सुमी हिना भगवती आयूशा

### फिजिकलथेरापी सेवा कुनबेला लिने ??

- ☐ कुम, कुहिना, गर्दन, ढाड, घुडा, कुर्कुच्चा दुखेमा
- ☐ कुनै हाड वा जोर्नी दुखेमा
- ☐ ढाडको अप्रेसन पछि
- ☐ हड्डी खिएको
- ☐ कम्मरको हड्डी सरेको
- ☐ नशा च्यापिएको
- ☐ प्यारालाईसिस
- ☐ हड्डी भाचिएर मासु कमजोर भएमा
- ☐ हड्डी भाचिएर जोर्नी मोड्न समस्या भएमा
- ☐ हड्डी भाचिएर अपरेसन पछि
- ☐ मुख बाङ्गिएमा
- ☐ खेलकुद गर्दा चोटपटक लागेमा
- ☐ जोर्नी प्रत्यारेपण पछि
- ☐ पिसाब नरोकिने समस्या
- ☐ जोर्नीमा प्वाल परेर अपरेसन गरेपछि
- ☐ बच्चाको जन्मपछि हातखुट्टा नचलेमा
- ☐ बालबालिका सम्बन्धि पुनर्स्थापना
- ☐ बाथरोग
- ☐ दिर्घ दमखोकी
- ☐ अन्य स्वासप्रस्वास सम्बन्धि रोगहरूको पुनर्स्थापना
- ☐ मुटुको अपरेसनपछि
- ☐ लिगामेंट वा मासु च्यातिएमा
- ☐ बुढेसकाल को पुनर्स्थापना
- ☐ अटिज्म, मस्तिस्क पक्षघात
- ☐ कोविड १९ पछि थकावट/ कमजोरी
- ☐ गर्भ हुँदा र पछिको पुनर्स्थापना
- ☐ नसर्ने रोग पुनर्स्थापना



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

# क्यान्सरबारे जान्नु पर्ने कुरा

क्यान्सरका एक सय भन्दा बढी प्रकार हुन्छन् । जसले शरीरको जुनसुकै भागमा पनि असर गर्न सक्छ । क्यान्सरका कारण हुने समग्र मृत्युमध्ये ७० प्रतिशत अल्प विकसित र कम विकसित देशमा हुने गरेको छ । विश्वभरमा नै पाच प्रमुख क्यान्सरका कारण हुने पुरुषहरुको मृत्यु मध्येमा फोक्सो, पेट, कलेजो, ठूलो आन्द्रा (कोलोरेक्टल) र अन्ननलीको क्यान्सर रहेका छन् । विश्वभरी नै क्यान्सरका कारण हुने महिला मृत्युमध्येमा स्तन, फोक्सो, पेट, कोलोरेक्टल र पाठेघरको क्यान्सर रहेका छन् । सूर्तीजन्य पदार्थको प्रयोग नियन्त्रण गर्न सके क्यान्सरबाट हुने मृत्यु २२ प्रतिशत रोक्न सकिन्छ।

यो क्यान्सर रोकथाम गर्न सकिने एक मात्र ठूलो उपाय पनि हो । विश्वभरी हुने क्यान्सरका कारणमध्ये पाँच भागको एक भाग जटिल संक्रमणका कारण हुन्छ । उदाहरणका लागि ह्युमन प्यापिलोमा भाइरसका कारण पाठेघरको मुखको क्यान्सर र हेपाटाइटिस बि भाइरसका कारण कलेजोको क्यान्सर हुन्छ ।

सूर्तिजन्य पदार्थको प्रयोग नगर्ने, सन्तुलित भोजन गर्ने, व्यायाम गर्ने र सन्तुलित मात्रामा मद्यपान सेवन गर्दा ३० प्रतिशत भन्दा बढी क्यान्सरको निदान गर्न सकिन्छ । साथै विकासोन्मुख राष्ट्रहरूमा ह्युमन प्यापिलोमा भाइरस र हेपाटाइटिस बि बिरूद्धको खोप दिइयो भने क्यान्सरका कारण हुने २० प्रतिशत मृत्यु कम गर्न सकिन्छ । सजगता अपनाउने हो भने ३३ प्रतिशत क्यान्सरबाट बच्न सकिन्छ, ३३ प्रतिशत क्यान्सरलाई निको पार्न सकिन्छ भने ३३ प्रतिशत क्यान्सरमा चाहि जीवन लम्ब्याउन मात्र सकिन्छ ।

शरीरमा अस्वाभाविक परिवर्तन आउने बित्तिकै अस्पताल आइपुगे यो रोग निको पार्न सकिन्छ । क्यान्सरको लक्षणबारे चेतना नहुँदा पनि मृत्यु दर घटाउन नसकिएको हो । फरकफरक ठाउँका क्यान्सरको लक्षण फरक हुने भएपनि सामान्यतः निको नहुने खोकी वा धोद्रो स्वर हुनु, स्तन वा शरीरको अरू ठाउँमा नदुख्ने गिर्खा आउनु, कोठीको आकारमा परिवर्तन हुन क्यान्सरका लक्षण हुन् । त्यस्तै निको नहुने घाउ, अत्यधिक रक्तस्राव या पिप, दिसा वा पिसाब गर्ने बानीमा फेरबदल, अपच वा निल्न गाह्रो भए क्यान्सरको आशंका गरी अस्पताल पुग्नुपर्ने विज्ञहरु बताउँछन् । यो रोग जसलाई पनि र जहाँ पनि हुनसक्छ । क्यान्सर सरुवा रोग होइन तर मानिसमा अझै पनि या रोग सर्छ भन्ने गलत धारणा छ ।

मानव शरीरमा करोडौं शुक्ष्म कोषिका हुन्छन् । कतिपय कोषहरु दैनिक मर्ने र नयाँ बन्ने खालका हुन्छन् । यसरी प्रत्येक दिन बन्ने नयाँ कोषिका मानिसको जीनद्वारा नियन्त्रित हुन्छन् । तर प्रतिकुल अवस्थामा यिनै कोषिकाको बृद्धि असामान्य हुन पुग्छ । यस्ता असामान्यरूपले बृद्धि भएका कोषिका बिस्तारै सानासाना गिर्खा (ट्यूमर) मा परिणत हुन्छन् । यस्ता गिर्खाहरु २ प्रकारका हुन्छन् । शरीरलाई हानी गर्ने र नगर्ने । शरीरलाई हानी पुर्‍याउने गिर्खाहरु एक स्थानबाट अर्को स्थानमा सर्ने पनि गर्छन् । शरीरलाई हानी गर्ने यिनै गिर्खालाई नै क्यान्सर भनिन्छ । क्यान्सर मानिसको जुनसुकै अंगमा लाग्न सक्छ ।

क्यान्सर के कारणले हुन्छ भनेर किटान गर्न सकिँदैन । तर यसका केही कारक तत्व छन् । प्रमुख कारक तत्व त सूर्तीजन्य पदार्थ नै हो । चुरोट, खैनी, बिडी र गुट्खाजस्ता पदार्थको सेवनले क्यान्सरको खतरा बढ्छ । त्यसैगरी, मादक र अखाद्य पदार्थ, अखाद्य रंग, रासायनिक पदार्थ राखिएको खाना, ढुसी परेको र नुन धेरै भएको खाना खाएमा पनि क्यान्सर हुनसक्छ ।

अर्को कुरा १० प्रतिशत क्यान्सर भने शरीरको आन्तरिक वा वंशाणुगत कारणले पनि हुन्छ । यसका साथै विकीरण, व्यावसायिक प्रदूषण, भाइरस, परजीवी, सरसफाइमा कमी, वंशाणुगत कारण र शारीरिक दुर्बलतालाई पनि क्यान्सरका कारणका रुपमा लिइएको छ । शुरुमा उपचार गरे क्यान्सर पूर्णरुपमा निको हुनसक्छ।

नेपालमा क्यान्सर रोगको आधिकारिक तथ्यांक छैन । तर अहिलेसम्म महिला र पुरुषको तुलना गर्ने हो भने नेपालमा सायद धूमपान कै कारणले होला, फोक्सोको क्यान्सर नै धेरैलाई लागेको पाइन्छ । महिलालाई मात्र हेर्ने हो भने पाठेघरको मुखको क्यान्सर र दोस्रोमा स्तन क्यान्सर देखिएको छ । नेपालमा यसबाहेक पेट, आमाशय, मुख र प्रोस्टेट क्यान्सरका रोगीहरु छन् ।



डा. अञ्जन श्रेष्ठ
सिनियर कन्सल्टेन्ट क्लिनिकल अन्कोलोजीस्ट

## लक्षण

- ☐ स्वर परिवर्तन हुनु
- ☐ दुब्लाउँदै जानु
- ☐ शरीरमा गाँठागुँठी वा गिर्खा देखिनु
- ☐ भोक नलाग्नु
- ☐ कोठी वा मुसाको आकार र रंग परिवर्तन हुनु
- ☐ थकाइ बढी लाग्नु
- ☐ लामो समयसम्म घाउ निको नहुनु
- ☐ लगातार खोकी लाग्नु
- ☐ महिनावारी हुँदा रगत बढी हुनु
- ☐ अपच वा निल्न गाह्रो हुनु
- ☐ अत्याधिक रक्तश्राव वा पिप आएमा

## रोकथामका उपाय

- ☐ धूमपान त्याग्ने
- ☐ जीवनशैली परिवर्तन, खानपान र शारीरिक व्यायाम
- ☐ मद्यपान नगर्ने
- ☐ स्वस्छ वातावरणमा रहने
- ☐ हेपाटाइटिस बि भ्याक्सिन लगाउने
- ☐ जंकफूड नखाने
- ☐ पोलेको मासु, सुकटी, सेकुवा नखाने
- ☐ जननेन्द्रियको नियमित सफाई गर्ने
- ☐ नियमित पाठेघरको जाँच गर्ने
- ☐ धेरै जनासँग यौन सम्पर्क नराख्ने
- ☐ चिल्लो तथा बोसो कम खाने
- ☐ ताजा सागसब्जी र फलफूल खाने
- ☐ बासी वा ढुसी लागेको खाना नखाने
- ☐ धेरै नुन नखाने

# बालबालिकामा हुने क्यान्सर कसरी पत्ता लगाउने ?

बालबालिकामा हुने क्यान्सर पनि विभिन्न किसिमका हुन्छन्। ती मध्ये सबैभन्दा धेरै देखिएको रक्त क्यान्सर हो। बालबालिकामा हुने क्यान्सर जति चाँडो पत्ता लाग्यो, त्यति नै प्रभाव कारी रुपमा निको पार्न सकिने विज्ञहरु औल्याउँछन्।

### के हुन् त लक्षण:

- ☐ रगतको कमी भई छाला सेतो देखिनु, त्यत्तिकै रगत बग्नु



डा. प्रकाशनिधि तिवारी
पिडियाट्रिक मेडिकल अङ्कोलोजिष्ट

- ☐ असाधारण रूपमा तौल घट्नु
- ☐ आँखाको सेतो नानी डेडो हुनु,
- ☐ दृष्टि गुमाउनु,
- ☐ शरीर सुन्निनु,
- ☐ पेट असामान्य रुपमा फुल्नु
- ☐ विशेष गरी बिहान अत्यधिक टाउको दुख्नु र बान्ता हुनु
- ☐ हड्डी दुख्नु,
- ☐ चोट नलागी सुन्निनु
- ☐ चाँडो गल्नु, थकित हुनु र झोक्राउनु
- ☐ शरीर सन्तुलनमा राख्न नसक्नु चक्कर लाग्नु,
- ☐ स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

# पाठेघरको मुखको क्यान्सर कसलाई हुन्छ ?

पाठेघरको मुखको क्यान्सर (सर्भाइकल क्यान्सर) बारे नेपालमा धेरै महिलालाई थाहा नहुन सक्छ । त्यसैले, रोग लागेको तेश्रो वा चौथो स्टेजमा मात्र महिलाहरु पाठेघरको मुखको क्यान्सर सम्बन्धि समस्या लिएर चिकित्सकका पुग्ने गर्छन् । जसका कारण उक्त रोगको उपचार गर्न चिकित्सकलाई निकै कठिन हुने गर्छ ।

## जबकी समयमै जानकारी भएको अवस्थामा पाठेघरको मुखको क्यान्सर निको हुन्छ । त्यसका लागि निम्न कुराहरुमा ध्यान दिन आवश्यक छ ।

१. २१ देखि ६५ वर्ष उमेर समूहका महिलाका लागि यो जाँच अनिवार्य छ । धेरै जसो महिलालाई ५० को दशकमा क्यान्सरबारे थाहा हुने गर्छ । त्यो भन्दैमा ६५ वर्ष भन्दा माथिका महिलालाई क्यान्सरको जोखिम कम हुन्छ भन्ने हैन । ६५ वर्ष माथिका महिलालाई पनि यसको खतरा बढी हुने गर्छ ।

२. यसको जाँच २१ वर्षदेखि सुरु गर्नुपर्छ र प्रारम्भिक चरणमै सर्भाइकल क्यान्सर पत्ता लगाउनको लागि हरेक तीन वर्षमा यसको जाँच जरुरी छ ।

३. यो जाँच २१ वर्ष भन्दा कम उमेरका मानिसमा त्यति लागु हुँदैन । तर यदि तपाई २१ वर्ष भन्दा कम उमेरको हुनुहुन्छ र सेक्सुअल्ली एक्टिभ हुनुहुन्छ भने चाहि यो जाँच तपाईंको लागि पनि अनिवार्य ।

४. हरेक पाँच वर्षमा कम्तीमा एक पटक एपीवी र पीएपी टेष्ट गराउन आवश्यक छ । कुनै पनि लक्षण देखा परेमा यो जाँच प्रत्येक वर्ष गर्न आवश्यक छ ।

५. कुनै महिला जसको गर्भासय निकालिएको छ, जसको सर्भाइकल क्यान्सरसित कुनै लनदेन छैन, वा उसलाई सर्भाइकल क्यान्सरको कुनै खतरा छैन, उनीहरुका लागि भने यो जाँच आवश्यक छैन ।

६. सर्भाइकल क्यान्सर सम्बन्धि कुनै पनि जाँचका लागि डाक्टर वा नर्स अनिवार्य छ । उनीहरुले पाठेघरको मुनी रहेको सभिक्सको कोषिकालाई लिएर माइक्रोस्कोपीक टेष्ट गरिन्छ । सामान्यतया, सर्भाइकल क्यान्सरका लागि दुई वटा टेष्ट आवश्यक छ , जसमा प्याप स्मेयर टेष्ट तथा लिक्विड वेस्ड साइटोलोजी सामान्य मानिन्छ ।

७. यदी कुनै महिलाले सर्भाइकल क्यान्सर विरुद्धको खोप लगाएको छ भने पनि चिकित्सकको सुझाव पश्चात उनीहरुले पनि यसको जाँच गराउन आवश्यक छ ।

८. जो मानिस क्यान्सरको जोखिममा छ वा उसको परिवारमा कसैलाई पाठेघरको मुखको क्यान्सर छ भने उनीहरुले पनि बेला बेलामा यो जाँच गराउन आवश्यक छ ।

## कसरी हुन्छ पाठेघरको मुखको क्यान्सर ?

पाठेघरको मुखमा एचपीभी भाइरस प्रवेश गरेको छ भने यौन सम्पर्क शुरु भएपछि यसले असर देखाउन शुरु गर्छ । योनीबाट सेतो पानी बग्ने र चिलाउन थाल्यो भने यसमा शंका गर्नुपर्छ । किनभने सुरुवाती अवस्थामा यस्तै लक्षण देखिन्छ । यो लक्षण देखिनासाथ प्याप स्मेयर परीक्षण गराउनु पर्छ । यो परीक्षणले संक्रमण क्यान्सर हुनु अगाडि कुन अवस्थामा छ भन्ने पत्ता लगाउन सकिन्छ ।

## कसरी हुन्छ संक्रमण ?

- धेरै जनासँग असुरक्षित यौन सम्पर्क गरेमा
- सानै उमेरमा बिवाह भएमा वा सानै उमेरदेखि यौनजन्य क्रियामा सहभागी भएमा
- सानै उमेरमा बच्चा जन्माएमा
- धेरै बच्चा जन्माएमा
- पटक पटक गर्भपतन गराएमा
- अत्यधिक धूम्रपान गरेमा
- लामो समयसम्म ५ बर्ष भन्दा बढी) हार्मोनयुक्त परिवार नियोजनका साधन प्रयोग गरेमा ।

हार्मोनयुक्त परिवार नियोजनका साधन ३,४ बर्षको बीचमा केही समय रोकेर पुन प्रयोग गर्नु राम्रो हुन्छ । हार्मोनले रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता कम गर्ने भएकाले बीचबीचमा साधन परिवर्तन गर्नुपर्छ ।

## रोग लागेको कसरी थाहा पाउने ?

१. यौन सम्पर्क गर्दा रगत देखिने,
२. महिनावारी नभए पनि रगत देखिने,
३. सेतो गन्हाउने पानी आउने/बग्ने ,
४. सानो पेट दुखिरहने,
५. ढाड दुख्ने,
६. बढी थकाइ लाग्ने,
७. लामो समयसम्म खोकी निको नहुने,
८. स्वर परिवर्तन हुने,
९. दिशा वा पिसाबको तालिका फरक हुने,
१०. तौल घट्दै जाने ।



प्रा. डा. जागेश्वर गौतम
सिनियर कन्सल्टेन्ट,वरिष्ठ स्त्रीरोग विशेषज्ञ

प्रा.डा. गौतमलाई ॐ अस्पतालमा शनिवार वाहेक हरेक दिन विहान ८:00 बजेदेखि ९:३0 बजेसम्म र साँझ ४ देखि ६ बजेसम्म भेट्ने समय ।।

Doctor's Profile

# शरिरमा क्यान्सर भए/नभएको पत्ता लगाउने ७ तरिका : प्रा. डा. बराल

वरिष्ठ क्यान्सर रोग विशेषज्ञ प्रा. डा. राजेन्द्र प्रसाद बरालले नेपालमा ८0 % क्यान्सरका बिरामी अन्तिम अवस्थामा मात्रै अस्पताल पुग्ने गरेको बताउन भयो। प्रा. डा. बरालले क्यान्सर जटील प्रकृतीको रोग भए पनि समयमै उपचार हुन सके सजिलै निको पार्न सकिने जानकारी दिनुभयो।

उहाँले नेपालमा पुरुषहरुमा सबै भन्दा बढी फोक्सोको क्यान्सर र महिलाहरुमा सबै भन्दा बढी पाठेघरको मुखको क्यान्सरका रोगीहरु भएको बताउनुभयो । सामान्यतया शरीरकाका विभिन्न अंगहरुमा कोषीकाको अनियन्त्रीतवृद्धी हुनुनै क्यान्सर हुनु हो । ज्ञज्ञ संगठनका अनुसार विश्वमा ८२ लाख व्यक्तीको मृत्यु क्यान्सर रोगबाट मृत्यु हुने गर्दछ भने २ लाख ७0 हजार महिलाहरुको मृत्यु पाठेघरको मुखको क्यान्सरका कारणले हुने गर्दछ । क्यान्सर जुनसुकै उमेरका व्यक्तीमा जुनसुकै भागमा पनि हुने गर्दछ । विश्वव्यापी रुपमा १३ प्रतिशत मृत्यु क्यान्सरका कारणले हुने गरेको पाइन्छ ।



प्रा. डा. राजेन्द्र प्रसाद बराल
सिनियर कन्सल्टेन्ट क्लिनिकल अन्कोलोजीस्ट

## डाक्टर बरालका अनुसार शरिरमा क्यान्सर रोग भए/नभएको यसरी पत्ता लगाउन सकिन्छ ।

१) निको नहुने खोकी लागेमा अथवा घोक्रो स्वर भएमा
२) छालामा भएको कोठीको रङ्ग र आकार परिवर्तन भएमा
३) शरीरको भाग अत्याधिक दुख्न थालेमा वा शरीरमा गिर्खा आएमा
४) उपचार गर्दा पनि शरिरमा लागेको घाउ निको नभएमा वा बल्झीएमा
५) शरिरबाट असाधारण रक्तस्राव वा पिप आएमा
६) दिशा वा पिशावमा गर्ने समयमा फरक आएमा वा गाह्रो भएमा अथाव दिशा पिशाब गर्दा रगत देखिएमा
७) विस्तारै शरिरको वजन घट्दै गएमा वा दुब्लाउदै गएमा

ॐ अस्पतालमा प्रा. डा. बराललाई शनिवार बाहेक हरेक दिन बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म भेट्न


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

# ॐ हस्पिटलमा उपलब्ध सेवाहरू:

## उपलब्ध डायग्नोष्टिक सेवाहरू:

- Radiology and Imaging (भिडियो एक्स रे, सिटी स्क्यान, इको, एमआरआई )
- Pathology/Laboratory (रगत, दिशा पिशावका सम्पूर्ण जाँच)

## उपलब्ध विशेषज्ञ सेवाहरू:

- Anaesthesiology (एनेस्थेसियोलोजी)
- Dental (दन्तरोग)
- Gyanaecology and Obsetrics (स्त्री तथा प्रसुती)
- IVF (आई.भी.एफ)
- General Surgery Digestive Disease and Laparasopic Surgery (जनरल सर्जरी डाइजेष्टिभ डिजिज एण्ड ल्यापरोस्कोपिक सर्जरी)
- Hepatopancreatobiliary and Gastro Surgery (हेपाटोप्याक्रियाटोविलियरी एण्ड ग्याष्ट्रो सर्जरी)
- Cardiology (मुटु रोग)
- Cardiothoracic and Vascular Surgery (कार्डियोथोरासिक एण्ड भाष्कुलर सर्जरी)
- Dermatology and Venerology (चर्म तथा यौन रोग)
- Endocrinology and Diabetes (ग्रन्थीरोग तथा मधुमेह)
- ENT Head and Neck Surgery (नाक, कान, घाँटी)
- Gastroenterology and Hepatology (पेट पाचन तथा कलेजो रोग)
- Internal Medicine (जनरल फिजिसियन)
- Neonatology and Neonatal (नवजात शिशु)
- Nephrology (मृगौला रोग)
- Neurology and Neurosurgery (नसा तथा स्नायु सम्बन्धि)
- Nutrition and Dietetics (पोषण)
- Oncology (अर्बुदरोग)
- Ophthalmology (नेत्र रोग)
- Orthopedics Traumatology (हाड जोर्नी चिकित्सा)
- Pediatrics and Pediatric Surgery (बाल रोग)
- Psychiatry (मानसिक रोग)
- Physiotherapy and Rehabilitation (फिजियोथेरापी एण्ड रिह्याविलिटेसन)
- Plastic Surgery (प्लाष्टिक सर्जरी)
- Pulmonolgy (फोक्सो तथा छाँती)
- Sleep Lab (निद्रा सम्बन्धि)
- Spine Surgery (ढाडको उपचार)
- Urology (युरोलोजी)
- Rheumatology and Immunology (र्‍युमाटोलोजी एण्ड इम्यूनोलोजी)
- Om Wellness Clinic (ॐ वेलनेश क्लिनिक)
- Audiology (अडियोलोजी)

## उपलब्ध अन्य सेवाहरू:

- Emergency Service (आकस्मिक उपचार)
- Heli-EMS (हेली इ.एम.एस)
- IPD/OPD (अन्तरङ्ग / बहिरङ्ग सेवाहरु)
- ICU/CCU (सघन उपचार सेवा)
- Operation Theatre (शल्यक्रिया कक्ष)
- Vaccination (खोप सेवाहरु)

# News and Events






BLOOD DONATION DRIVE AT OM





MAY 1ST- MAJDOOR DIWAS



Nurses participating in Quiz and Speech contest on Int. Nurses Day

**१0% छुट**

**७० बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरूको सम्मानमा ॐ अस्पतालमा उपचारको विलमा १० प्रतिशत छुटको व्यवस्था छ।**

(थप जानकारीको लागी सोधपुछ वा १९७ एक्टेन्सनमा सम्पर्क गर्नुहोला)



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

सम्पादन समूह

डा. हरिश जोशी, मेडिकल डाईरेक्टर | उमा श्रेष्ठ, नर्सिङ्ग डाईरेक्टर | विनोद अधिकारी, मिडिया एण्ड बिजनेस डेभलप्मेन्ट म्यानेजर | इरु पौडेल, क्वालिटि एस्योरेन्स् एण्ड कर्पोरेट सर्भिस म्यानेजर